## वस्तुगत प्रश्नोत्तर

१. **भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस कहिले मनाइन्छ ?**

✍ डिसेम्बर ९ ।
- यस वर्ष (सन् २०२०) सदाचारका साथ पुनरुत्थान नारासाथ यो दिवस मनाइएको ।
- मानवअधिकारको प्रत्याभूति, दिगो विकास, समृद्धि र शान्तिका लागि भ्रष्टाचार बाधक रहेको तथ्य स्वीकार गर्दै यसको नियन्त्रणका लागि अन्तर्राष्ट्रिय प्रयास र ऐक्यबद्धताको आवश्यकता बोधको प्रतिफलस्वरूप संयुक्त राष्ट्रसङ्घीय महासन्धि सन् २००३ मा पारित गरिएको ।
- सन् २००५ देखि लागू भएको यस महासन्धिमा नेपालले सन् २००३ मा हस्ताक्षर गरी सन् २०११ मा संसद्बाट अनुमोदनसमेत भएको ।
- संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् २००५ देखि यो दिवस मनाउन थालिएको ।
- नेपालमा यो दिवस सन् २०११ देखि मनाउन सुरु गरिएको थियो ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारविरुद्ध कारबाही गर्न विभिन्न क्षेत्रका विज्ञ, नागरिक समाज, भ्रष्टाचार नियन्त्रणमा क्रियाशील अभियन्तालगायतका प्रबुद्ध समूहसँग छलफल गरी नयाँ संस्थागत रणनीतिक योजना (२०७६/०७७–२०८०/०८१) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको । भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण गर्ने दूरदृष्टि बोकेको नयाँ संस्थागत रणनीतिले भ्रष्टाचार नियन्त्रणमा सहयोग पुगेको छ ।

२. **नेपाल प्रज्ञाप्रतिष्ठानले सन् २०७७ मा नेपाल प्रज्ञालङ्कार पुरस्कार कसलाई प्रदान गऱ्यो ?**

✍ चिनियाँ प्रोफेसर वाङ हङ वेई ।
- प्रतिष्ठानको ३५औँ प्रज्ञासभाले भाषा, साहित्य एवम् कूटनीतिका क्षेत्रबाट नेपालको विकासमा योगदान पुऱ्याएबापत हङ वेईलाई सो विशिष्ट पुरस्कारबाट सम्मानित गरेको ।
- यसैगरी, सभाले दुई लाख राशिको नेपाल सामाजिक शास्त्र/संस्कृति/दर्शनशास्त्र पुरस्कार प्रा.डा. वीरेन्द्रप्रसाद मिश्र र दुई लाख राशिकै नेपाल प्रज्ञा भाषा पुरस्कार प्रा.डा. तेजरत्न कंसाकारलाई प्रदान गरेको ।
- त्यस्तै, एक लाख राशिको नेपाल प्रज्ञा नेपाली साहित्य पुरस्कार हरिहर खनाल र रविमान लम्जेल, हिमाल, पहाड र तराईमा बोलिने मातृभाषा साहित्यतर्फ पूर्ण वैद्य, इन्द्रबहादुर गुरुङ, चतर्भुजलाल दास केवरत र हंसावती कुर्मीलाई प्रदान गरेको ।
- सभाले दुई–दुई लाख राशिको भानु प्रज्ञा अन्तरदेशीय नेपाली साहित्य पुरस्कार आसाम (भारत)का लीलबहादुर क्षेत्री, नेपाल प्रज्ञा अनुवाद पुरस्कार कृष्णप्रकाश श्रेष्ठलाई प्रदान गरेको ।

३. **विक्रम संवत् २०७७ माघ १७ मा चौथो संस्करणको पीएम कप क्रिकेटको उपाधि कसले जित्यो ?**

✍ त्रिभुवन आर्मी क्लब ।
- (उपविजेता : नेपाल एपीएफ क्लब) ।

४. **ट्रान्सपरेन्सी इन्टरनेसनलद्वारा सार्वजनिक प्रतिवेदनअनुसार सन् २०२० मा सुशासनको सूचीमा नेपाल कतिऔँ स्थानमा रहेको छ ?**

✍ ११७औँ ।
- विश्व बैङ्क, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इन्साइट, बर्टेल्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट (भीडीईएम) समेत गरी छवटा संस्थाद्वारा गरिएको सर्वेक्षणका आधारमा ट्रान्सपरेन्सी इन्टरनेसनलले यो सूची तयार गरेको ।

| देश | प्राप्ताङ्क | स्थान |
|---|---|---|
| भुटान | ६८ | २४औँ |
| माल्दिभ्स | ४३ | ७५औँ |
| भारत | ४० | ८६औँ |
| श्रीलङ्का | ३८ | ९४औँ |
| नेपाल | ३३ | ११७औँ |
| पाकिस्तान | ३१ | १२४औँ |
| बङ्गलादेश | २६ | १४६औँ |
| अफगानिस्तान | १९ | १६५औँ |

- यस वर्ष नेपालले ३३ अङ्क प्राप्त गरेको । अघिल्लो वर्ष नेपाल ३४ अङ्कका साथ ११३औँ स्थानमा थियो ।
- ट्रान्सपरेन्सीका अनुसार यस वर्षको सूचकाङ्कमा समावेश १८० देशमध्ये डेनमार्क र न्युजिल्यान्ड कुल १०० मा ८८ अङ्क प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक भएका । दक्षिणी सुडान र सोमालिया १२ अङ्क प्राप्त गरी सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा सूचीकृत भएका ।
- सुशासनमा दक्षिण एसियाली राष्ट्रहरूको स्थिति छिमेकी मुलुक चीन ४२ अङ्क प्राप्त गरी ७८औँ स्थानमा रहेको । अघिल्लो वर्ष भारत र चीन दुवै ८०औँ स्थानमा रहेका ।

५. **आसियानको ३७औँ शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?**

✍ सन् २०२० नोभेम्बर ११–१५, हनोई (भियतनाम)
- (यस संस्थाको ३६औँ सम्मेलन पनि हनोइमा सम्पन्न भएको । ३८औँ र ३९औँ सम्मेलन ब्रुनाईको बन्दरसेरी बेगवानमा हुने भएको ।)

६. **विश्वका उदीयमान अर्थतन्त्र भएका राष्ट्रहरूको समूह ब्रिक्सको १२ औँ सम्मेलन कहिले सम्पन्न भयो ?**

✍ सन् २०२० नोभेम्बर १७, रूस ।
- सम्मेलनको नारा स्थायी संसार, सुरक्ष चासो आदान–प्रदान र अनुसन्धात्मक वृद्धि रहेको । ब्रिक्सको प्रथम सम्मेलन सन् २००९ जुन १६ मा रूसमा सम्पन्न भएको थियो । यो संस्थाको १३औँ सम्मेलन सन् २०२१ मा भारतमा गर्ने तय भएको छ ।
- ब्रिक्सको स्थापना सन् २००६ जुनमा भएको । ब्रिक्समा ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिका गरी पाँच राष्ट्र रहेका छन् ।

७. **जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताबाट अमेरिका औपचारिक रूपमा कहिले बाहिरिएको हो ?**

✍ सन् २०२० नोभेम्बर ४ ।



८. **विश्वकै सबैभन्दा अग्लो किशोर बनेर गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउन सफल को हुन् ?**

✍ रेन केयू (चीन) ।
- उनले आफ्नो १४औँ जन्मदिन गिनिज वर्ल्ड रेकर्डमा नाम लेखाउँदै मनाए । उनको उचाइ ७ फिट ३.२ इन्च छ ।

९. **सन् २०२० मा प्रकाशित प्रतिवेदनअनुसार सबैभन्दा बढी इन्टरनेट प्रयोगकर्ता भएको राष्ट्र कुन हो ?**

✍ चीन ।

१०. **भौगोलिक खोजकर्ता क्रिस्टोफर कोलम्बस र भास्को डी गामाले प्रयोग गरेको नक्सा कसले निर्माण गरेका थिए ?**

✍ मुहम्मद अल–इद्रिस

११. **नेपालमा कृषक परिचयपत्र प्रदान गर्ने कार्यको सुरुवात कुन जिल्लाबाट गरिएको हो ?**

✍ बागलुङ ।

१२. **उत्तर एट्लान्टिक सन्धि सङ्गठन (नेटो)को स्थापना कहिले भएको हो ?**

✍ सन् १९४९ अप्रिल ४ ।

१३. **नेपालमा सबैभन्दा धेरै वडा भएको स्थानीय तह कुन हो ?**

✍ पोखरा महानगरपालिका (३३ वटा) ।
- (काठमाडौँ : ३२ वडा) ।

१४. **मन्त्रिपरिषद्को २०७७ माघ १९ को बैठकले बीमा समितिको अध्यक्षमा कसलाई नियुक्त गर्ने निर्णय गऱ्यो ?**

✍ सूर्यप्रसाद सिलवाल (पूर्वगृहसचिव) ।

१५. **मञ्जुश्रीको ३३ फिट अग्लो प्रस्तर मूर्ति कहाँ निर्माण गरिएको छ ?**

✍ चोभार, काठमाडौँ ।
- एक सय टन तौलको सो मूर्ति नेपालकै सबैभन्दा अग्लो प्रस्तर मूर्ति रहेको ।
- ललितपुरका कलाकार चन्द्रश्याम डङ्गोलको नेतृत्वमा उनीसहित आठ कलाकारद्वारा आठ वर्ष लगाई यो मूर्ति तयार गरिएको ।
- यो मूर्ति १३ वटा ढुङ्गा जोडेर बनाइएको । करिब ३७ रोपनी क्षेत्रफलमा आकर्षक पार्कसमेत निर्माण गरिने ।

१६. **अन्तर्राष्ट्रिय विकास साझेदारले नेपालमा सहायता प्रदान गर्नेसम्बन्धमा कति बुँदे आधारभूत मार्गदर्शन जारी गरेका छन् ?**

✍ १५ बुँदे ।
- विभिन्न चौध अन्तर्राष्ट्रिय विकास साझेदारले नेपालमा जात, धर्म, सम्प्रदाय र राजनीतिक दलका आधारमा नभई, अन्तर्राष्ट्रिय स्वीकृत सिद्धान्तका आधारमा जवाफदेही र निष्पक्ष रूपमा पारदर्शी तथा समावेशी सहयोग गर्ने भन्दै कार्यक्रम सञ्चालनका लागि सन् २०१९ जुनमा १५ बुँदे आधारभूत मार्गदर्शन जारी गरेका ।
- संयुक्त राष्ट्रसङ्घ, युरोपियन युनियन, डानिडा प्रोग्राम सपोर्ट युनिट नेपाल, स्वीस एजेन्सी फर डेभलपमेन्ट एन्ड कोअपरेसन (एसडीसी), नर्वेजियन दूतावास, आईएनजीओ (अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले आधारभूत मार्गदर्शन जारी गरेका ।
- कार्यसञ्चालनसम्बन्धी आधारभूत मार्गदर्शन पहिलोपटक सशस्त्र द्वन्द्वका बेला सन् २००२ मा र सोपछि सामान्य परिमार्जनसहित सन् २००७ मा जारी गरिएको ।

१७. **नेपालको वर्तमान संविधानअनुसार राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी अधिकार एवम् अवशिष्ट अधिकारसमेतलाई के भनिन्छ ?**

✍ राज्यशक्ति ।

१८. **'साझा पृथ्वी' नामक कृतिका लेखक को हुन् ?**

✍ मदनकृष्ण श्रेष्ठ (उनको दोस्रो कृति : महको म)

१९. **चीन सरकारले उत्तरी ध्रुवको आसपास एउटा समुद्री मार्ग 'पोलार सिल्क रोड' निर्माणको घोषणा कहिले गरेको हो ?**

✍ सन् २०१८ जनवरी २६ ।

२०. **सार्कद्वारा कुन अवधिलाई अन्तर्राष्ट्रिय सम्पर्क दशकका रूपमा मनाइएको छ ?**

✍ सन् २०१०–२०२० ।

२१. **क्युबाका पूर्वराष्ट्रपति फिडेल क्यास्ट्रोको जीवनमा आधारित भएर लेखिएको पुस्तक कुन हो ?**

✍ गुरिल्ला अफ टाइम ।

२२. **नेपाली भाषामा निर्मित पहिलो चलचित्र 'सत्य हरिश्चन्द्र' हो भने नेपालमा बनेको पहिलो चलचित्र कुन हो ?**

✍ आमा ।

२३. **साहित्य लोकहितमा सिर्जित कलापूर्ण विषय एवम् स्रष्टाको स्वच्छ हृदयबाट प्रस्फुटित प्रभावकारी चिन्तन हो भन्ने साहित्यकार को हुन् ?**

✍ घटराज भट्टराई

२४. **नेपालको अद्यावधिक नक्साको अङ्ग्रेजी संस्करण कहिले स्वीकृत गरियो ?**

✍ विक्रम संवत् २०७७ साउन ३० ।
- अङ्ग्रेजी संस्करणको नक्सा प्रकाशन भएसँगै संयुक्त राष्ट्रसङ्घ, कूटनीतिक नियोग तथा समग्र अन्तर्राष्ट्रिय जगत्मा पठाउन पनि बाटो खुलेको ।
- विगतमा विभिन्न कारणले छुट्न पुगेको लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितको नक्सा २०७७ जेठमा प्रकाशन गरिएको थियो ।

२५. **नेपालको प्रदेशसभा कति सदनात्मक हुने व्यवस्था छ ?**

✍ एक ।

२६. **'सेम डे टुरिस्ट' भन्नाले के बुझिन्छ ?**

✍ एक रात वास नबस्ने अर्थात् जुन दिन आयो त्यसै दिन फर्किने पर्यटक ।

२७. **अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन–२०७५ अनुसार आधारभूत शिक्षा भन्नाले के बुझिन्छ ?**

✍ कक्षा एकदेखि कक्षा आठसम्मको विद्यालय शिक्षा

२८. **अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन–२०७५ अनुसार माध्यमिक शिक्षा भन्नाले के बुझिन्छ ?**

✍ कक्षा ९ देखि कक्षा १२ सम्म वा सोसरहको शिक्षा ।
- सो ऐनअनुसार 'प्रारम्भिक बालविकास तथा शिक्षा' भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बाल विकास तथा शिक्षा हो ।
- त्यस्तै, विशेष शिक्षा भन्नाले दृष्टिविहीन, बहिरा, अटिजम (अपाङ्गता) भएका वा यस्तै प्रकृतिका अवस्थाका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा हो ।

२९. **नेपालको पहिलो पूर्वाधार विकास बैङ्कका रूपमा स्थापित नेपाल इन्फ्रास्ट्रक्चर बैङ्कको वित्तीय कारोबारको शुभारम्भ कहिले भएको हो ?**

✍ विसं २०७५ फागुन २२ ।
- (बैङ्कले विसं २०७५ माघ २८ मा वित्तीय कारोबारको इजाजतप्राप्त गरेको ।)

३०. **अरब राष्ट्रहरूबीच आर्थिक राजनीतिक तथा सामाजिक सम्बन्ध विकास गर्ने उद्देश्यसहित अरब लिगको स्थापना कहिले भएको हो ?**

✍ सन् १९४५ मार्च २२ ।
- (यसको प्रधान कार्यालय इजिप्टको कायरोमा रहेको ।)

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# नागरिक समाज




१. **नागरिक समाज भन्नाले के बुझिन्छ ? नागरिक समाजको सकारात्मक र नकारात्मक पक्षबारे विवेचना गर्नुहोस् ।**

✍ नागरिकको हकहित र अवसरका लागि स्वतन्त्र नागरिकको सङ्गठित समूहलाई नागरिक समाज भनिन्छ । सरकारी राज्य प्रणालीभन्दा बाहिर रहेर सरकारलाई जनताप्रति जिम्मेवार र जवाफदेही बनाउन सहयोग गर्ने स्वयम्सेवी संस्था नागरिक समाज हो । यो गैरनाफामुखी र गैरराजनीतिक हुन्छ । बाह्य नियन्त्रणबाट स्वतन्त्र तथा विचार, आग्रह र स्वार्थबाट मुक्त हुने नागरिक समाज नागरिकमैत्री हुन्छ । समाजमा कमजोर वर्गको सशक्तीकरण गर्न तथा समग्र विकासमा प्रभावकारिता ल्याउन नागरिक समाजको बहुआयामिक भूमिका हुन्छ ।

● **नागरिक समाजको सकारात्मक पक्ष**
- नागरिक समाज स्वयम्सेवी एवम् गैरसरकारी भएकाले यो प्रजातान्त्रिक संवादको क्षमतायुक्त समूह हो । यो सदा सत्य, न्याय तथा जनतन्त्रको पक्षपाती हुन्छ । समाजमा अन्याय अत्याचार हुन नदिने, कानुनविरुद्धका काम गर्नेविरुद्ध आवाज उठाउने, राष्ट्रिय सरोकारका विषयमा जनतालाई सचेत पार्ने, सरकारका काममा सहयोग गर्ने, भ्रष्टाचार गर्नेलाई बहिष्कार गर्ने, जनताका काम गर्न सरकारलाई सजग गराउनेजस्ता कामहरू गर्छ । यी यसका सकारात्मक पक्ष हुन् । यसका अरू पनि सकारात्मक पक्ष छन्, जुन निम्न छन् :
- मुलुकमा कानुनी राज्यको स्थापना गर्नमा सहयोग,
- लोकतन्त्रको सुदृढीकरण,
- समावेशी राज्यको अवधारणा लागू गर्न जोड,
- शासकीय संयन्त्रलाई जनताप्रति जिम्मेवार र जवाफदेही बनाउन,
- पिछडिएका वर्गको आवाजलाई वकालत गरी उनीहरूको उत्थान गर्न,
- राष्ट्रिय सवालका विषयमा जनमत तयार गरी राष्ट्रिय एकता कायम गर्न,
- सामाजिक विभेद, भ्रष्टाचार, कुरीति अन्त्य गर्न सहकार्य गर्न,
- सामूहिक हितका लागि दबाबमूलक कार्यक्रम सञ्चालन गर्न ।

● **नकारात्मक पक्ष**
- नागरिक समाज स्वतन्त्र व्यक्तिहरूको स्वयम्सेवी संस्था भए पनि कहिलेकाहीँ यो राजनीतिक निर्भरतामा रहेको देखिन्छ । राजनीतिक आस्थामा फरक–फरक विचार राख्ने, छलफल गर्ने, स्वार्थपूर्ण कार्य गर्नेजस्ता कार्यहरू हुने भएकाले यी यसका नकारात्मक पक्ष हुन् । अरू केही नकरात्मक पक्ष पनि छन्, जुन निम्न छन् :
- बहुसंस्था हुनु,
- संस्थाको आय–व्यय तथा गतिविधिमा पारदर्शिताको कमी,
- सुसङ्गठनको अभाव, उद्देश्यको अनिश्चितता,
- नेतृत्व छनोटमा प्रजातान्त्रिक अभ्यासको कमी,
- असक्षम नेतृत्व, समन्वयको अभाव,
- मुलुकको आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक, न्यायलगायत जनसरोकारका विषयमा परिस्थिति र आवश्यकताअनुसार समन्वय, साझेदारी, मध्यस्थता, सङ्घर्ष, वकालत, दबाब सिर्जना, सहकार्य, सचेत, सजग गराई सरकार र जनता दुवैलाई जिम्मेवार र जवाफदेही बनाउने एक स्वतन्त्र समूह भएकाले यसले आफूलाई राजनीतिबाट सदैव अलग र तटस्थ राख्नुपर्छ । सहरमा मात्र केन्द्रित नभई, ग्रामीणमुखी पनि हुनुपर्छ । देखिएका कमीकमजोरीमा सुधार गर्दै सकारात्मक पक्षलाई बलियो बनाएर सामाजिक सशक्तीकरण तथा विकासमा आफ्नो भूमिका अरू थप प्रभावकारी बनाउनुपर्छ ।

२. **सार्वजनिक सेवा प्रवाहका आधारभूत तत्त्वहरू के–के हुन् ?**

✍ राज्यको तर्फबाट सर्वसाधारण जनतालाई प्रदान गर्ने वस्तु तथा सेवा सार्वजनिक सेवा प्रवाह हो । यसमा वस्तु तथा सेवा, सेवाप्रदायक, सेवाग्राहीजस्ता पक्ष हुन्छन् । यो कानुनबमोजिम प्रदान गरिन्छ । यी र यस्तै विषयबाट सेवा प्रवाह प्रभावकारी हुने भएकाले यी विषय सेवा प्रवाहका तत्त्व हुन्, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- वस्तु तथा सेवा,
- सेवाप्रदायक,
- सेवाग्राही,
- संविधान, ऐन, नियम, कानुन,
- विधि तथा प्रक्रियाहरू,
- सङ्गठन र सङ्गठनका सिद्धान्तहरू जस्तै : पदसोपान, नियन्त्रण, समन्वय, आदेश, प्रतिवेदन आदि
- स्रोत–साधन,
- सूचना तथा सञ्चार,
- आधुनिक प्रविधि ।

३. **नेपालको संविधानले राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी के–कस्तो नीति अख्तियार गरेको छ ? उल्लेख गर्नुहोस् ।**

✍ नेपालको संविधानको धारा ५१ (ख)ले राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति अख्तियार गरेको छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्ने,
- आर्थिक, सामाजिक तथा साँस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,
- मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने,
- विधिको शासन कायम राख्ने,
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने,
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउने,
- राज्यबाट प्राप्त हुने सेवा–सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,
- आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने,
- सङ्घीय इकाइबीच जिम्मेवारी, स्रोत–साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मकसम्बन्धको विकास र विस्तार गर्ने ।

४. **'सूचनाको हकले पारदर्शिता प्रवर्द्धन गर्छ भने पारदर्शिताले राज्य व्यवस्थालाई बलियो बनाउँछ' भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।**

✍ सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सूचनाको हक हो । यो सार्वजनिक निकायमा भएको कानुनबमोजिम गोप्य राख्नुपर्ने विषयबाहेक सबै विषयको सूचनामा नागरिकको सहज पहुँच हुने अवस्था हो । त्यसैगरी, पारदर्शिताा भनेको सार्वजनिक निकायबाट भए–गरेका सबै काम–कारबाहीको जानकारी नागरिकलाई गराउने कार्य हो । सूचनाको हक नियमित रूपमा सूचना प्रवाह हो, पारदर्शिता खुलापन हो । जब सूचना प्रवाहमा सहजता, सरलता, स्वतन्त्रता एवम् नियमितता हुन्छ, तब सरकारी निकायभित्रका सबै कार्य बाहिर आउँछन् । सूचनाको हक सूचना प्राप्तिको अधिकार हो, यसले पारदर्शिता प्रवर्द्धन गर्न देहायबमोजिम सहयोग गर्छ :
- त्रसार्वजनिक निकायमा रहेको कुनै लिखतको प्रमाणित प्रतिलिपि नागरिकलाई प्राप्त गराएर,
- सार्वजनिक निकायको काम–कारबाहीको अध्ययन एवम् अवलोकन गराएर,
- सार्वजनिक महत्त्वको विकास निर्माणकार्य भइरहेको स्थलको भ्रमण एवम् अवलोकन गराएर,
- सार्वजनिक निकायका निर्णयबारे नागरिकलाई जानकारी गराएर,
- सार्वजनिक निकायबाट हुने सेवा प्रवाहको विधि, प्रक्रिया, सेवाको लागत, समयलगायतका विषयको सूचना प्रवाह गरेर,
- सार्वजनिक निकायको आय र व्ययको गतिविधि सार्वजनिक गराएर,
- सार्वजनिक निकायको मासिक तथा वार्षिक प्रतिवेदन प्रकाशन गराएर,
- राज्यप्रति नागरिकलाई सचेत, जागरुक, जिम्मेवार, जवाफदेही एवम् कर्तव्यबोध गराएर ।
- पारदर्शिताले राज्य व्यवस्थालाई बलियो बनाउँछ
- पारदर्शिता खुलापन भएकाले यसले भ्रष्टाचार तथा अनियमितता रोक्न सहयोग गर्छ । जब सार्वजनिक निकायका सबै काम–कारबाहीमा खुलापन आउँछ, तब नागरिकमा विश्वास बढ्दै जान्छ । जब नागरिकमा राज्यप्रति विश्वास बढ्दै जान्छ, तब नागरिक राज्यलाई सहयोग गर्ने, विकास निर्माणकार्यमा स्वामित्व ग्रहण गर्ने, सार्वजनिक सम्पत्तिको जगेर्ना गर्ने, नागरिक अनुशासन हुने हुन्छ । यसबाट राज्य स्वतः बलियो बन्छ । अतः पारदर्शिताले राज्य व्यवस्थालाई बलियो बनाउँछ । पारदर्शिताले देहायबमोजिम सहयोग गरेर राज्य व्यवस्थालाई अरू थप बलियो बनाउँछ :
- सार्वजनिक प्रशासनबाट हुन सक्ने विकृति, ढिलासुस्ती, अनियमितता एवम् भ्रष्टाचारमा नागरिक निगरानी बढाएर,
- विकास निर्माणकार्यमा नागरिक सहभागिता गराएर,
- मुलुकको राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिकलगायतका सबै क्षेत्रमा देखिएका समस्या सम्बोधन गराई राज्य र नागरिकबीच असल सम्बन्ध विकास गरेर,
- सार्वजनिक सुनुवाइमा सक्रिय एवम् सार्थक सहभागिता बढाएर,
- नागरिक बडापत्र प्रभावकारी कार्यान्वयन गराएर,
- नागरिकको गुनासो समयमै सुनुवाइ गराएर,
- सामाजिक परीक्षण एवम् सामाजिक उत्तरदायित्व प्रवर्द्धन गराएर,
- कम लागतमा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गराएर,
- नयाँ–नयाँ सूचना प्रविधि प्रयोग गर्न सकारात्मक सहयोग गराएर ।
- अन्त्यमा, पारदर्शिताले राज्य संयन्त्रका हरेक काम–कारबाही, स्रोत–साधन एवम् अवसरमा सरोकारवाला सबै जनताको सहज पहुँच बढाउँछ । यसबाट सरकारका आर्थिक एवम् प्रशासनिक निर्णय जनअपेक्षाअनुरूप हुन पुग्छन् । यसबाट नागरिक सुखी हुन्छन्, देश समृद्ध हुन्छ, बलियो हुन्छ ।

५. **जलसम्पदाको विकासबाट नेपाललाई के–कस्तो फाइदा हुन सक्छ ?**

✍ जलसम्पदा नेपालको प्राकृतिक सम्पत्ति हो । कोसी, गण्डकी, कर्णाली नदीलगायत छ हजारभन्दा बढी नदीनाला छन् । राराताल, फोक्सुण्डोताल, फेवाताल, तिलिचोतालजस्ता अनेकन तालतलैया, काठमाडौँ र तराईमा भूमिगत पानीका स्रोत छन् । नेपालले यसको विकासबाट बहुआयामिक फाइदा लिन सक्छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- स्वच्छ एवम् सफा पिउने पानीको वितरण,
- जलविद्युत् उत्पादन, नेपालभरि वितरण, विस्तार, प्रयोग,
- बढी भएको जलविद्युत् विदेश निर्यात, विदेशी मुद्रा आर्जन,
- देशव्यापी सिँचाइ, कृषि उत्पादनमा बढोत्तरी,
- ताल तथा नदीहरूमा बोटिङ (नौकायात्रा), पौडी, ऱ्याफ्टिङ गर्न सकिने । यसमा स्वदेशी तथा विदेशी पर्यटकको आवागमन, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आयआर्जनमा बढोत्तरी, राजस्वमा थप योगदान, अर्थतन्त्र थप चलायमान,
- नदीकिनारमा पाइने बालुवा, ढुङ्गा तथा गिटी सडक, ढल, घर, पुलजस्ता पूर्वाधार निर्माणकार्यमा प्रयोग,
- नदीमा डुङ्गा, स्टिमर चलाई जलयातायात सञ्चालन गर्न सकिने, पानीजहाजको पनि सम्भावना, हाल कालीगण्डकी कोरिडरमा भएको जलयातायात, नेपालमा नदीनाला तथा तालतलैयालाई ठूलो धार्मिक महत्त्व दिइएकाले यसको विकासबाट धार्मिक पर्यटन बढाउन सकिने ।
- आन्तरिक तथा बाह्य सीमा निर्धारणमा सहयोग, जस्तै : मेची महाकाली नदीले भारतसँगको सीमा निर्धारण, सीमा व्यवस्थापनमा सहजता ।

६. **आदर्श नागरिकको राष्ट्र, समाजप्रतिको दायित्व र कर्तव्य के हो ?**

✍ आदर्श नागरिकको राष्ट्र, समाजप्रतिको दायित्व र कर्तव्य धेरै हुन्छ, जसलाई निम्नअनुसार लेख्न सकिन्छ :
- राष्ट्रप्रति निष्ठावान रहने,
- देशको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्ने,
- संविधान र कानुनको पालना गर्ने/गराउने,
- कानुनबमोजिम आफूले तिर्नुपर्ने कर तिर्ने,
- राज्यले चाहेका बखत सेवा गर्ने,
- समाजमा देखिने सामाजिक विकृति हटाउन सहयोग गर्ने,
- घर–टोल, समाजको सरसफाइ अभियान सञ्चालन गर्ने,
- सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने, संरक्षण गर्ने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL